# कोशी उच्च बाँधविरुद्ध इनरुवा घोषणापत्र तथा कार्ययोजना, २०६२
## २०६२ पुस ११ १३, इनरुवा, सुनसरी

पृष्ठभूमि

१. नेपाल र भारतबीच सम्पन्न कोशी, गण्डक तथा महाकाली सन्धिहरूबाट आजसम्म नेपाललाई फाइदाभन्दा बेफाइदा बढी भएको इतिहास हामी सबैसामु छलङ्ग छ ।

२. त्यसैले नेपाल र भारतबीच जलस्रोतको विकास तथा बाँध निर्माणका सम्बन्धमा कुनै पनि नयाँ सहमति वा सम्झौता हुनुभन्दा पहिले विश्व बाँध आयोगको प्रतिवेदनका सुझाब र मापदण्डअनुसार कोशी, गण्डक तथा महाकाली तीनवटै सन्धिहरूको पुनरावलोकन, संसोधन वा खारेजी हुनुपर्दछ ।

३. कोशी सम्झौताका हकमा परियोजनाबाट प्रभावित एवं पीडितहरूलाई प्रचलित मँल्यमा अविलम्ब उचित मुआब्जा, क्षतिपँर्ति र पुनर्बासको व्यवस्था गर्नुका साथै सम्झौतामा उल्लेख भएबमोजिम भारतबाट नेपाल र नेपालीले पाउनुपर्ने सम्पँर्ण फाइदाहरूको प्रारम्भदेखि नै भुक्तानी र क्षतिपँर्ति हुनुपर्दछ ।

४. हिमालय क्षेत्रबाट नेपाल भई भारत र बङ्गलादेशतर्फ बग्ने सम्पँर्ण नदीनालाहरूको व्यवस्थापन, उपयोग र उपभोगका सम्बन्धमा व्यापक जनसहभागिता र सार्वजनिक छलफलका आधारमा सर्वप्रथम एक बहुपक्षीय सम्झौता सम्पन्न हुनुपर्दछ ।

५. अन्तर्राष्टिय नदीनालाहरूको व्यवस्थापन, उपयोग र उपभोग तथा एक पक्षीयरूपमा अघि सारिएको भारतीय नदी जोड आयोजनाका सम्बन्धमा काठमाडौं (२००२ तथा २००३) र निर्जुली (२००५, अरूणाचल प्रदेश) घोषणापत्र र कार्ययोजनाहरूलाई सशक्त मार्गनिर्देशनका रूपमा ग्रहण गरिनुपर्दछ ।

कोशी उच्च बाँधका सम्बन्धमा

६. नेपाल तथा भारत दुवै सरकारका तर्फबाट गलत नीति अनुशरण गर्दै जबर्जस्ती अघि सारिएको कोशी उच्चबाँध आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भौगोलिक, भँगर्भिक र वातावरणीय सम्पँर्ण दृष्टिमा नेपाल तथा भारतको बिहार राज्यको आवश्यकता, प्राथमिकता र हितविपरीत भएकाले यसको अध्ययन, सर्वेक्षण वा निर्माणसम्बन्धी सम्पँर्ण कार्यहरू तत्काल बन्द गरिनुपर्दछ ।

(क) आर्थिकरूपमा पँर्वी पहाडको खाद्यभण्डार समाप्त हुनेछ, विगतको अनुभवसमेतका आधारमा हेर्दा नेपालले अन्य आर्थिक लाभ पाउने कुरा अनिश्चित र असम्भव हुनुका साथै नेपालले अनावश्यकरूपमा विदेशी ऋणको भार र परनिर्भतामात्र बेहोर्नु पर्नेछ ।

(ख) सामाजिक तथा सांस्कृतिकरूपमा डुबान क्षेत्रमा मात्र ७५ हजारभन्दा बढी स्थानीय जनता, आदिवासी तथा जनजाति समुदायहरू विस्थापित हुने एवं उनीहरूको मौलिक संस्कृति र पहिचान सदाका लागि समाप्त हुनेछ ।

(ग) धार्मिक दृष्टिमा पौराणिक एवं ऐतिहासिक सम्पदाका रूपमा बराह क्षेत्र लोप हुनेछ ।

(घ) भौगोलिक तथा भौगर्भिकरूपमा यस क्षेत्रका पहाडहरू कलिला र कमजोर भएका कारण बाढीपहिरोको प्रकोप हुनेछ तथा उच्च तहको भँकम्पबाट कुनै पनि बेला बाँध फुटेर अपुरणीय क्षति पुग्नेछ ।

(ङ) लाखौं जनसमुदायको जीवनप्रणालीसँग सम्बन्धित तथा वातावरणीय दृष्टिमा समेत नेपालको अपार सम्पदाका रूपमा रहेका वनजङ्गल, खेतीयोग्य जमिन र उपत्यकाहरू सदाका लागि समाप्त हुनुका साथै जीवजन्तु र पशुपंक्षीसमेतको भयङ्कर विनाशका परिणामस्वरूप गम्भीर वातावरणीय असन्तुलनको समस्या पैदा हुनेछ । यसबाट विश्व सम्पदा सँचिमा अङ्कित भइसकेको प्रशिद्ध कोशी टप्पु वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्रसमेत गम्भीररूपमा प्रभावित हुनेछ ।

(च) बिजुली, सिँचाइ र बाढी व्यवस्थापनका दृष्टिले अन्य उपयुक्त स्थान र आयोजनाहरूलाई प्राथमिकता दिई सप्तकोशी नदी क्षेत्रका सम्पँर्ण जनताहरूको बहुपक्षीय विकास (बिजली, खानेपानी, सिँचाइ, पर्यटन, सडकयातायात आदि) का लागि तत्काल वैकल्पिक कार्ययोजना तयार गरी लागु गरिनुपर्दछ ।

pdfMachine by Broadgun Software

७. विद्यमान कोशी तटबन्धका कारण बेलाबखत भारत तथा नेपालका सरकारी पदाधिकारीहरूले दाबी गरेभन्दा विपरीत भारतीय विशेषज्ञ तथा अभियानकारीहरूका अध्ययन र निष्कर्षका आधारमा स्वयं बिहार राज्यका जनताहरूलाई पनि ठोस फाइदा नभएको तथा आवश्यक सिँचाइ र बाढी नियन्त्रणसमेत हुन नसकेकोले यसको वैकल्पिक व्यवस्थापनतर्फ तत्काल ध्यान दिइनुपर्दछ ।

८. सप्तकोशी नदीको समग्र व्यवस्थापन, उपयोग र उपभोगका सम्बन्धमा सर्वप्रथम नेपाल, भारत र बङ्गलादेशका स्वतन्त्र विशेषज्ञहरूको निष्पक्ष आयोग गठन गरी दीर्घकालिनरूपमा मान्य हुनेगरी सर्वसम्मत अवधारणा, मापदण्ड र कार्ययोजना विकास गरिनुपर्दछ ।

कार्ययोजना

९. कोशी उच्च बाँधका विरुद्धमा सशक्त जनमत एवम् प्रतिरोध अभियान चलाउने तथा आजसम्म उपलब्ध सम्पँर्ण सँचना र जानकारीहरू सार्वजनिक गर्नु गराउनुका साथै बाँधको तयारीको सिलसिलामा भइरहेको तथा हुने कुनै पनि अध्ययन र सर्वेक्षणका कार्यहरूमाथि रोक लगाउन सबै तह र क्षेत्रमा आवश्यकता र अवस्थाअनुसार शान्तिपँर्ण गतिविधिहरू सञ्चालन गर्ने ।

१०. उल्लिखित गतिविधि र अभियानहरू सञ्चालन गर्नका लागि गाउँगाउँसम्म कोशी उच्चबाँध विरुद्ध सङ्घर्ष समिति गठन गरी बाँधबाट प्रभावित हुनसक्ने तल्लो तथा माथिल्लो तटीय क्षेत्रका सम्पँर्ण आदिवासी, जनजाति र स्थानीय जनताहरूलाई सङ्गठित गर्ने गराउने तथा भविष्यमा सबै तटीय राष्ट्रका जनता, अभियानकारी र विशेषज्ञहरूको संयुक्त सङ्घर्ष समितिसमेत निर्माण गर्ने ।

११. राष्टिय तहमा निर्माण गरिनुपर्ने बाँधका सम्बन्धमा २००० मा प्रकाशित विश्व बाँध आयोगको प्रतिवेदन तथा अन्तर्राष्टिय नदीहरूका हकमा सन् १९९७ मा पारित संयुक्त राष्ट्रसङ्घीय महासन्धिका आधारमा स्थानीय, राष्टिय तथा क्षेत्रीय नीति, कानुन र योजनाहरू तर्जुमा गर्ने गराउनका लागि नेपाल, भारत तथा बङ्गलादेशका सबै राजनीतिक दलहरूलाई दबाब दिने ।

१२. आगामी एक वर्षभित्र कोशी नदीको पहाडी तटबन्ध क्षेत्रमा कोशी उच्च बाँधका विरुद्धमा एक बृहत् अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नुका साथै नेपाल, भारत र बङ्गलादेशका सरकारी पदाधिकारी, स्वतन्त्र विशेषज्ञ र अभियानकारीहरूबीच अन्तर्राष्ट्रिय नदीहरूको साझा व्यवस्थापनका सम्बन्धमा एक गोलमेच छलफल कार्यक्रम सञ्चालन गर्ने ।

pdfMachine by Broadgun Software